# धनगढी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### सुदूरपश्चिम प्रदेश, नेपाल

प.स. : ०८०/०८१
च.न. :

**विषय: जग्गा ठेक्कामा दिने सूचना ।**
**दोश्रो पटक प्रकाशित मिति २०८१।१।३**

श्री भैरव बाबा अधारभुत विद्यालयको विद्यालय व्यवस्थापन समितिको मिति २०८०।१२।०६ गतेको निर्णय बमोजिम सूचना प्रकाशनका लागि सिफारिस भई आए अनुसार उक्त विद्यालयको नाममा दर्ता श्रेस्ता कायम रहेको १३ कठ्ठा जमिन ५ बर्षका लागि ठेक्का लिन चाहने ईच्छुक व्यक्ति, फर्म वा कम्पनीले ( प्यान/भ्याट नं, करचुक्ता प्रमाण पत्र, फर्म वा कारोवार नविकरण भएको कागजात) तपशिलको शर्तहरूको अधिनमा रहि सिलवन्दी दरभाउ पत्र पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो १५ दिने सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरू**

१। ठेक्का अवधि सम्झौता भएको मिति देखि ५ पांच वर्ष सम्म कायम हुनेछ र कार्य सम्पादन सन्तोषजनक देखिएमा समय अवधि थप गर्न सकिनेछ ।

२। ठेक्का रकम प्रति कठ्ठा रू २०००। का दरले १३ कठ्ठा जमिनको कुल बार्षिक बढाबढ न्यूनतम अंक भ्याट बाहेक रू. २६,०००। (अक्षरूपी छब्बिस हजार मात्र) कायम गरिएको छ ।

३। दरभाउ पत्र फाराम सूचना प्रकाशित मितिबाट १५ दिन भित्र कार्यालय समयमा रू. १०००। एक हजार मात्र (फिर्ता नहुने गरी) बुझाई यस उपमहानगरपालिकाको राजस्व शाखाबाट खरिद गर्न सकिने छ ।

४। सूचना प्रकाशित भएको मितिबाट १६ औं दिनको दिउंसो १२.०० बजे भित्र दरभाउ पत्र कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ । रितपूर्वक दर्ता हुन आएका दरभाउ पत्र सोहि दिन दिउंसो १.०० बजे सम्बन्धित फर्म/कम्पनी वा निजले तोकेको प्रतिनिधिको रोहवरमा खोलिने छ तर सम्बन्धित फर्म वा कम्पनीले

प्रमुख प्रशासकीय अधिकृत

तोकेका प्रतिनिधिहरू उपस्थित नभएमा पनि दरभाउ पत्र खोल्न बाधा पर्ने छैन ।

५। यस विद्यालयलाई बुझाउनु पर्ने बाकी बक्यौता भएका व्यक्ति,फर्म वा कम्पनीले यस ठेक्का प्रक्रियमा भाग लिन पाउने छैनन ।

६। जग्गाको हाल साविक गर्दा कुनै कारणले जग्गा बृद्धि भएमा दरभाउ पत्र सदर हुनेले सो जग्गा पनि उपभोग गर्नुपर्ने छ र सो वाफतको रकम पनि तिर्नु पर्ने छ ।

७। विद्यालयलाई जमिन आवश्यक परेमा विद्यालयले आवश्यक पर्ने जमिन उपभोग गर्नेछ । सो वाफतको हिसावबाट हुने रकम कबोल रकमबाट घटाइने छ ।

८। यदि दरभाउ पत्र स्वीकृत भएको संस्थाले संरचना निर्माण गर्दा भविश्यमा विद्यालयलाई हानी नोक्सानी हुनेगरी वनाउन पाइने छैन । विद्यालयलाई आवश्यक देखिने संरचना बनाउन चाहेमा विद्यालयको स्वीकृति लिएर वनाउन सकिनेछ र भौतिक संरचना स्वत: विद्यालयको हुने छ ।

९। दरभाउ पत्र खरिद गर्ने अन्तिम दिन र खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको दिन सिलवन्दी दरभाउ पत्र सम्बन्धि सो कार्य गरिनेछ ।

१०। कुनै पनि व्यक्ति, फर्म वा कम्पनीको दरभाउ पत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ ।

११। दरभाउ पत्र दर्ता गर्दा बोलपत्र दाताले आफुले कबोल गरेको ठेक्का अंकको ५ प्रतिशत रकम श्री भैरव बाबा अधारभुत विद्यालयको श्री राष्ट्रिय वाणिज्य बैंक, धनगढी शाखाको चल्ती खाताको हि.न. ४१७०१००००२४३७००१ मा जम्मा गरेको भौचर वा सो रकम बराबरको १२० दिन म्याद भएको नेपाल राष्ट्र बैंकबाट "क" वर्ग को मान्यता प्राप्त वाणिज्य बैंकको बैंक जमानत पत्र (विडबण्ड) पेश गर्नुपर्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत